# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रकाशित मिति : २०७६/९/७

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकारबीच भएको सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत कपिलवस्तु जिल्लामा सुरक्षित आप्रवासन परियोजना (Safer Migration Program) हेल्भेटास नेपालको प्राविधिक सहयोगमा सञ्चालन भईरहेको छ। यस अन्तरगत कपिलवस्तु नगरपालिका, बाणगंगा नगरपालिका, शिवराज नगरपालिका तथा मायादेवी गाउँपालिकामा समुदाय सचेतीकरणका कार्यक्रमहरु, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता सम्वन्धी कार्यक्रमहरु सञ्चालनमा सहयोग पुऱ्याउनका लागि इन्द्रेणी ग्रामीण विकास केन्द्र नेपाललाई निम्नानुसारको जनशक्तिको आवश्यकता रहेको हुनाले अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदहरुका लागि दरखास्त आब्हान गरिएको छ।

**१. पद, कार्यक्षेत्र, संख्या, योग्यता र कार्य अनुभवको विवरण:**

| पद | कार्यक्षेत्र र संख्या | न्यूनतम योग्यता तथा अनुभव |
|---|---|---|
| **मनोसामाजिक परामर्शकर्ता** | कपिलवस्तु नपा (संख्या-१)<br>बाणगंगा नपा (संख्या-१)<br>शिवराज नपा (संख्या-१)<br>मायादेवी गापा (संख्या-१)<br>इन्द्रेणी (संख्या-२) | न्यूनतम प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरी मनोसामाजिक परामर्श कार्यमा २ वर्षको कार्यानुभव वा सो सम्वन्धी आधारभूत तालिम लिएको वा मनोसामाजिक परामर्श सम्वन्धी १ वर्षको अनुभव रहेको र सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |
| **बितिय साक्षरता सहजकर्ता** | कपिलवस्तु नपा (संख्या-१)<br>बाणगंगा नपा (संख्या-१)<br>शिवराज नपा (संख्या-१)<br>मायादेवी गापा (संख्या-१) | - कम्तिमा प्रविणता प्रमाणपत्र तह वा दश जोड दुई उतिर्ण गरेको।<br>- कम्तिमा २ वर्ष वित्तीय साक्षरता कक्षा संचालन वा साक्षरता कक्षा संचालन वा समुदायमा सामाजिक परिचालक वा सहजकर्ता भई काम गरेको।<br>- वित्तीय संस्था, सहकारी, लघुवित्त समूह, विप्रेषण, वित्तीय व्यवस्थापन सम्वन्धि ज्ञान भएको।<br>- समूह गठन, परिचालन तथा समूह सहजीकरण सम्वन्धी अनुभव भएको।<br>- सम्पर्क समन्वय, द्वन्द व्यवस्थापन, प्रतिवेदन लेखन तथा सञ्चार सीप भएको।<br>- तालिम तथा छलफलहरुको व्यवस्थापन र सहजीकरण गर्न सक्ने।<br>- जिल्ला तथा सम्वन्धित स्थानीय तहको सामाजिक र भौगोलिक अवस्थितीको वारेमा जानकारी भएको।<br>- कम्प्युटरको राम्रो ज्ञान भएको।<br>- वैदेशिक रोजगारीमा गई फर्किएका ब्यक्तिहरुलाई पहिलो प्राथमिकता तथा वित्तीय साक्षरता सम्वन्धी अनुभव, सामाजिक सशक्तिकरणमा सहजिकरण गरेको ब्यक्तिहरुलाई प्राथमिकता दिइनेछ। |
| **रिटर्नी स्वयंसेवक** | कपिलवस्तु नपा (संख्या-३)<br>बाणगंगा नपा (संख्या-३)<br>शिवराज नपा (संख्या-३)<br>मायादेवी गापा (संख्या-३) | न्यूनतम कक्षा ८ पास गरी वैदेशिक रोजगार (खाडी मुलुक वा मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको। सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |

२. **कार्य अवधि**: १५ जुलाई २०२० सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नविकरण हुन सक्ने।

३. **तलव तथा अन्य सुविधा** : कार्यक्रमको नियमानुसार।

४. **आवश्यक कागजातहरू** : माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले नेपाली नागरिकताको प्रतिलिपि, अनुभवको प्रमाणपत्र कम्तीमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्वर, ब्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि सहित आफुले कहा र कुन पदमा आवेदन गर्न चाहेको हो स्पष्ट रुपमा खुलाई पेश गर्नुपर्नेछ। समयभन्दा पछि आएका आवेदनहरुको मूल्यांकन गरिने छैन।

५. **आवेदन दिने स्थान** : कपिलवस्तु नगरपालिका, तौलिहवा।

६. **छनौट प्रक्रिया**: प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र लिखित तथा मौखिक/प्रस्तुतीकरणको प्रक्रियामा समावेश गरिने छ। छनोट समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ। स्थानीय, अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ।

७. **दरखास्त दिने अन्तिम मिति** : २०७६/९/१३ गतेसम्म।

विस्तृत जानकारीको लागि सम्पर्क ठेगाना :

## इन्द्रेणी ग्रामीण विकास केन्द्र नेपाल

बुद्धभूमि-२, गोरुसिंगे, कपिलवस्तु